नेपाल सरकार
रक्षा मन्त्रालय

फोन नं.: ४२११२८९
४२११२८७
४२११४८७
४२११२९०
४२११०९५
४२११६५३
४२११२८५
४२११२९६
४२०००४४

फ्याक्स नं.: ४२११२९४
सिंहदरवार, काठमाडौं, नेपाल

प्रेस विज्ञप्ति

मिति २०८३ कार्तिक १८ गते रक्षा मन्त्रालयका सचिव श्री इन्दु घिमिरेको अध्यक्षता तथा नेपाली सेनाका प्रधान सेनापती श्री अशोक राज सिग्देलको विशेष उपस्थितिमा मन्त्रालय, नेपाली सेना र अन्तर्गतका निकायबाट चालु आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधिमा सञ्चालित विकास आयोजना तथा कार्यक्रमहरूको प्रगति समीक्षा तथा मन्त्रालयस्तर विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो। साथै समीक्षा बैठकमा रक्षा मन्त्रालय, नेपाली सेना र अन्तर्गत निकायबाट चालु आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिसम्म सञ्चालन भइरहेका कार्यक्रम तथा विकास आयोजनाहरूको हालसम्मको प्रगति स्थितिबारे अद्यावधिक जानकारी प्रस्तुत हुनुका साथै आयोजना कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरू तथा आगामी दिनमा सम्पादन गर्नुपर्ने कार्यहरूको सम्बन्धमा छलफल भएको थियो।

(बाबुराम भण्डारी)
सहसचिव एवं प्रवक्ता

२०८३ कार्तिक १८